नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०७६ (November 2019) वर्ष २३/अङ्क २७२

## "पवित्र जीवन जिउन विश्वासीले चाल्नुपर्ने केही कदमहरू"

- एल्डर घनश्याम दाहाल

कलस्सीको पत्र पावलले रोमको जेलबाट लेखेका थिए यसकारण यसलाइ जेलपत्र पनि भनिन्छ। यो पत्र विशेष गरी ख्रीष्टमा भएका कलस्सेका सन्तहरू र विश्वासी भाइ बहिनीहरूलाई लेखिएको थियो। यो पत्र कलस्सेका मण्डलीलाई लेख्नुको उद्देश्य कलस्सेको मण्डलीका अगुवा ईपाफ्रासले सो मण्डलीमा एकदमै डरलाग्दो धम्कीपूर्ण झूटा शिक्षा र विभिन्न विचारसँग सामना गर्नुपर्ने भएको हुँदा पवित्र आत्माले भरपूर व्यक्ति वृद्ध पावलबाट कलस्सेको मण्डलीलाई पत्र लेखिदिएको खण्डमा ठूलो सहायता हुने आशा राखी अनुरोध गरेका थिए।

यो खण्ड विशेष गरी विश्वासीको नयाँ जीवनको जग हो। ख्रीष्टियन जीवन ख्रीष्टसँग जीवित भई उठेको जीवन हो। परमेश्वरले येशू ख्रीष्ट जसरी मारिनुभयो, गाडिनुभयो र ख्रीष्टको पुनरुत्थान हुँदा मानिस पनि सँगै पुनरुत्थान भएको परमेश्वरले ठान्नुहुन्छ। उहाँको नाउँमाथि विश्वास गर्नेहरू सबै उहाँसँगै पुनरुत्थान भएका छन्। ख्रीष्टियन जीवन माथिका कुराहरूको खोजी गर्ने जीवन हो। माथिका कुरामा मन लगाओ, पृथ्वीमा भएका कुराहरूमा होइन। यसको अर्थ स्वर्गका कुराहरूप्रति मन केन्द्रित गर्ने भन्ने बुझ्नुपर्दछ। यस खण्डले संसारमा भएका कुराहरूलाई मार्नुपर्ने, हटाउनु वा पूर्ण रूपमा त्याग्नुपर्ने र परमेश्वरद्वारा चुनिएकाहरूले परमेश्वरीय कुराहरू अपनाउनुपर्ने कुरामा जोड दिइएको छ।

१ पत्रुस १:१५ ले भन्दछ, "तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ।"

हाम्रो बोलावट के हो ? हामी किन बोलाइएका छौं ? हामीलाई बोलाउनुहुने परमेश्वर जस्तो पवित्र हुनुहुन्छ, हामी पनि त्यस्तै पवित्र बन्न बोलाइएका छौं। हाम्रो दैनिक जीवनको रहन-सहन, उठाइ-बसाइ र हिँडाइ पनि पवित्र हुनुपर्दछ। त्यसको निम्ति हामीले केही आत्मिक कदमहरू चाल्नुपर्ने हुन्छ।

१. कलस्सी ३:५-११ मा पावल भन्दछन्, परमेश्वरतिर मन लगाउनका लागि संसारका कुराहरूबाट अलग वा टाढै रहनुपर्दछ। संसारमा भएका कुराहरू के-के हुन सक्छन् ? विश्वासीहरूले पवित्र जीवन जिउनका लागि चाल्नुपर्ने २ वटा कदमहरू यस प्रकार छन्:
(क) पहिलो कदमः हामीले मार्नुपर्ने कुराहरू (कलस्सी ३:५-७)।
(ख) दोस्रो कदमः हामी त्याग्नुपर्ने कुराहरू (कलस्सी ३:८-११)

(क) **पहिलो कदमः** हामीले मार्नुपर्ने कुराहरू (कलस्सी ३:५-७): हामीले मार्नुपर्ने कुराहरू यसप्रकार छन् : हाम्रा शरीर र यसका अंगहरू, जसले पापको दास बनाउने काम गर्दछन्, तिनीहरूलाई मार्नु (जरैसँग उखेल्नु) पर्दछ। यहाँ "मार" को अर्थ मार्नु वा शरीर मृत भएकै काम गर्नु भन्ने बुझिन्छ। जहाँसम्म पापको सम्बन्ध छ, विश्वासीहरूले आ-आफ्ना शरीरका विभिन्न अंगहरूलाई लिएर तिनलाई मार्नुपर्दछ। विश्वासीले कसरी यो काम गर्न सक्दछ ? विश्वासीले उसको आफ्नो शरीरलाई ख्रीष्टको मृत्युमा मरेको ठान्नुपर्दछ। यसकारण उसको शरीर ख्रीष्टसँगै मरेको छ। मरेको मानिस वा शरीरले पाप गर्न सक्दैन। यसको मतलब विश्वासी पापको लेखि मरेको हुन्छ। यो सब मन वा आत्माको काम हो। यसरी पापमाथि विजय प्राप्त गर्न शरीर पापको लेखि मरेको र ख्रीष्टमा जिएको अनुभव गर्नुपर्दछ। यो कार्य ख्रीष्टको आत्माद्वारा मात्र गर्न सकिन्छ। मानव शरीरलाई कमारो बनाउने पापहरूः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा, लोभ, जो मूर्तिपूजा हो, यी सबैलाई मार्न पावलले विशेष् आग्रह गरेका छन्।

(ख) **दोस्रो कदमः हामीले त्याग्नुपर्ने कुराहरू (कलस्सी ३:८-११):** पावल भन्दछन् कि पवित्र जीवन जिउनका लागि हामीले निम्न कुराहरू हटाउनुपर्ने हुन्छ। हाम्रो जिब्रोलाई दास बनाउने पापहरूलाई हामीले त्याग्नुपर्दछ। रीस, क्रोध, डाह, निन्दा, मुखबाट निस्कने फोहोर बोली, झूट, सबै दुष्टता, सबै छलकपट, आदि हाम्रो जीवनबाट त्याग्नुपर्दछ। यसकारण हामीले पुरानो स्वभावलाई त्यागेका छौं र नयाँ स्वभावलाई धारण गरेका छौं र हामी ख्रीष्टमा एउटै शरीर हौं।

२. यसको दोस्रो भाग कलस्सी ३:१२-१४ अनुसार हामी परमेश्वरद्वारा चुनिएकाहरूले नयाँ जीवनमा धार्मिकताको वस्त्र धारण गर्नुपर्दछ। परमेश्वरद्वारा चुनिएकाहरू पवित्र र प्रिय हुनु आवश्यक छ। यसकारण चुनिएकाहरूले कृपाको वस्त्र, दयाको वस्त्र, विनम्रताको वस्त्र, दिनताको वस्त्र, धैर्यको वस्त्र, सहनशिलताको वस्त्र, क्षमादानको वस्त्र र प्रेमको वस्त्र धारण गर्नुपर्दछ। यहाँ वस्त्र धारण गर्नु भन्नाले अपनाउनु वा त्यसलाई प्रयोगमा ल्याउनु भन्ने बुझ्नुपर्दछ। यसरी परमेश्वरले हामीलाई विशेष् कामको लागि चुनेर संसारदेखि अलग गर्नुभएको छ। परमेश्वरले हामीमाथि धेरै करुणा गर्नुभएको छ। यसकाण हामीले पनि अरूलाई करुणा देखाएको परमेश्वर चाहनुहुन्छ। अरूप्रति हाम्रो हृदयबाट दया र सहानुभूतिको भेल बग्नुपर्दछ। हामीले करुणा, दया देखाउनुपर्ने सूची यस प्रकारको हुन सक्दछ :

हराएकाहरू, बाटो बिराएकाहरू, एक्लाहरू, चोट खाएकाहरू, रोगीहरू, गरीबहरू, घरबिहीनहरू, भोकाहरू, बूढा-पाकाहरू, रित्ताहरू, वस्त्रहीनहरू, टुहुराहरू आदि। हामीले गर्नुपर्ने अझै लामो सूची हुन सक्दछ, यहाँ केही मात्र प्रस्तुत गरिएका छन्। यी सबै कुरा गर्नलाई परमेश्वरीय प्रेम हाम्रो हृदयमा खन्याइएको छ। अनि त्यही प्रेम हाम्रो हृदयबाट बगेर बाहिर निस्कन्छ। हामीलाई सबै कुरा गर्नलाई करमा पार्ने परमेश्वरको प्रेम नै हो, जसद्वारा हामी अरूप्रति ख्रीष्टको प्रेमको प्रदर्शन गर्न सक्दछौं।

३. कलस्सी ३:१५-१७ मा नयाँ जीवनको हृदयले चाल्नुपर्ने आवश्यक यस्ता कदमहरू छन्:
(क) **परमेश्वरको शान्तिले राज्य गरेको हृदय (१५ पद)**
(ख) **ख्रीष्टको वचनले भरिएको हृदय (१६)**

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २३** November 9 | पाष्टर सामुएल कार्थक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | श्री परशुराम अधिकारी | डीकन पुरुषोत्तम न्यौपाने |
| **कार्तिक ३०** November 16 | एल्डर सिमोन पाठक | श्री सरुष मान तामाङ्ग | डीकन सिद्धि खालिङ | श्री मिलन प्रधान | डीकन सिमोन भण्डारी | श्री लेखनाथ पौडेल | एल्डर घनश्याम दाहाल |
| **मंसीर ७** November 23 | एल्डर सुरेश पुर्कुटी | एल्डर मान बहादुर मगर | श्री लेखनाथ पौडेल | पाष्टर रोबर्ट कार्थक | श्री सुकराम तामाङ्ग | श्री भिम खालिङ | डीकन आमोस खालिङ |
| **मंसीर १४** November 30 | एल्डर दिनेश न्यौपाने | डीकन राजु तामाङ्ग | श्रीमती सुशीला नेपाली | एल्डर घन श्याम दाहाल | श्रीमती गंगा श्रेष्ठ | एल्डर सीता गुरूङ्ग | पाष्टर बि.बि. खवास |
| **मंसीर २१** December 7 | पाष्टर रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | डीकन सुबोध अधिकारी | पाष्टर बि.बि. खवास | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर रोल्याण्ड रोंगोंग | बाल दिवस |

(ग) **सबैथोक खीष्टको नाउँमा गर्ने हृदय** (१७)

(क) **परमेश्वरको शान्तिले राज्य गरेको हृदय:** हाम्रो हृदयमा परमेश्वरको शान्तिले राज्य गरेको हुनुपर्दछ । हामीले सारा कुराहरूमा खीष्टको शान्तिलाई राज्य गर्न दिनुपर्दछ । यहाँ मूल भाषामा "परमेश्वरको शान्ति" को सट्टा "खीष्टको शान्ति" प्रयोग भएको छ । यस खण्डमा "शान्ति" शब्दको अर्थ एकसाथ बाँधिनु, जोडिनु र उनिनु हुन्छ । यसको अर्थ परमेश्वरको प्रेम र रेखदेखमा ढुक्क हुनु, विश्वस्त र सुरक्षित हुनु हो । समस्या वा परिस्थिति जे भए पनि परमेश्वरले हाम्रो हेरविचार गर्नुहुनेछ भनी बुझ्नु हो । त्यसैले परमेश्वरले हामीलाई बल दिनुहुन्छ, उत्साह दिनुहुन्छ, जुटाइदिनुहुन्छ, छुट्कारा दिनुहुन्छ, थामेर राख्नुहुन्छ, डोऱ्याउनुहुन्छ, उद्धार गर्नुहुन्छ ।

(ख) **खीष्टको वचनले भरिएको हृदय:** दोस्रो कुरो, हामीसँग परमेश्वरको वचनले प्रशस्तसँग भरिएको हृदय हुनुपर्दछ । हामीले आफ्नो हृदयमा खीष्टको वचनलाई बास गर्न दिनुपर्दछ । यस ठाउँमा मात्रै "परमेश्वरको वचन" लाई "खीष्टको वचन" भनिएको छ । यस पुस्तकमा पावलले परमेश्वरको वचनलाई खीष्टको वचन भनेर लेखेका छन् । स्वाभाविक रूपमा खीष्टको वचन मानिसको हृदयभित्र बास गर्दैन । 'बास गर्नु' शब्दको अर्थ राम्रो दखल हुनु र भित्र बास गर्नु भन्ने हुन्छ । खीष्टको वचनलाई बास गर्न दिनको निम्ति हामीले आफ्नो हृदयमा ठाउँ बनाउनु पर्दछ । हामीले हामीभित्र भएका सम्पूर्ण फोहोर कुराहरूलाई हटाएर प्रशस्तसँग खीष्टको वचनलाई ठाउँ दिनुपर्दछ । के हामी खीष्टको लागि हाम्रो हृदयले खीष्टको भजन गाउँदै, आराधना गर्दै र आत्मिक गानमा एकले अर्कालाई सिकाइरहेका र अर्ती दिइरहेका छौं ? दिनभरि हिँडिरहँदा खीष्टबारे कुराकानी गरिरहन्छौं ? एकले अर्कालाई अर्ती, प्रोत्साहन र चेतावनी आदि दिइरहेका हुन्छौं ?

(ग) **सबैथोक खीष्टको नाउँमा गर्ने हृदय:** विश्वासीमा सबै कुरा खीष्टको नाउँमा गर्ने हृदय हुनुपर्दछ । वचन वा नाउँमा जेसुकै गरेपनि हामीले सबै कुरा प्रभु येशूको नाउँमा गर्नुपर्दछ । हाम्रो एउटा विकल्प छ, खीष्टको निम्ति बोल्छौं कि बोल्दैनौं वा गर्छौं कि गर्दैनौं, त्यसको जिम्मेवार हामी आफै हुन्छौं । यसकारण हामी खीष्टको नाउँदेखि बाहिर जान मिल्दैन । खीष्टको नाउँमा जिउनु, चहलपहल गर्नु र हामीभित्र खीष्टको अस्तित्व हुनु हो । हामीले गर्ने सबै कुरामा खीष्टको नाउँमाथि भरोसा राख्नुपर्दछ । हामीले बोल्ने सबै कुरामा खीष्टको नाउँको दाबी गर्नुपर्दछ । हामीले भन्ने र गर्ने सबै कुरामा खीष्टलाई प्रतिनिधित्व गर्नुपर्दछ ।

हामीले स्मरण गर्नुपर्दछ कि खीष्टले प्रत्येक वचन सुन्नुहुन्छ र हरेक काम देख्नुहुन्छ । हाम्रो सम्पूर्ण हृदयले उहाँलाई प्रेम गर्दछौं । यसैकारण हामी जे बोल्छौं र गर्छौं, त्यसबाट उहाँलाई चोट पुऱ्याउने काम गर्न हामी कहिले पनि खोज्दैनौं । यसैले हामीले उहाँको नाउँको आदर र सम्मान ल्याउने काम मात्र गर्नुपर्दछ ।

पावलले पवित्र जीवन जिउनलाई चाल्नुपर्ने कदमहरूको बारेमा बताएका छन्, सोअनुसार पवित्र जीवन जिउन खीष्टको आत्माले सहायता गर्नुहुन्छ । कोसिसले हामी पवित्र जीवन जिउन सक्दैनौं । हामी पवित्र आत्माको सहायताद्वारा मात्र पवित्र जीवन जिउन र पवित्र बन्दै जानका लागि निरन्तर लागिरहन्छौं । यसकारण हामीले पवित्र आत्मालाई हाम्रो जीवनमा काम गर्न दिइरहनुपर्दछ । यसैले असल कुरालाई हामीले अपनाएपछि खराब आफै भागेर जान्छ जसको निम्ति हामीले कोसिस गरिरहनु पर्दैन । पवित्र आत्माको अभिषेक निरन्तर हामीसँग रहिरहन्छ । परमेश्वरले हामी सबैलाई पवित्रात्माको अभिषेकमा रहिरहन अनुग्रह गरून् ।

## हार्दिक बधाई



आश्विन २६ गते/अक्टोबर १३ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरु श्री रोहित सुनुवार र सुश्री (विन्दु) बुद्धिकला राईको पवित्र विवाह नेइम ज्ञानेश्वर चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती रोहित र विन्दु सुनुवारलाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौ ।



कार्तिक ३ गते/अक्टोबर २० तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री यमिया शाही र सालोम ब्याप्टिस्ट चर्च, सुनाकोटी, ललितपुरको सदस्य श्री उज्वल पाख्रीनको पवित्र विवाह नेइम ज्ञानेश्वर चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती उज्वल र यमिया पाख्रीनलाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **कार्तिक २३** November 9 | श्री पदम पोखेल | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्चमा** | अतिथी वक्ता |
| **कार्तिक ३०** November 16 | डीकन कृष्ण नगरकोटी | पाष्टर रोबर्ट कार्थक | डीकन पेशल राई | श्री अमृत लामा | डीकन कृष्ण तामाङ्ग | एल्डर लाक्पा लामा | पाष्टर सामुएल कार्थक | एल्डर बेन्जामिन तामाङ्ग | श्री प्रशान्त सिंह |
| **मंसीर ७** November 23 | श्री सुदान रूचाल | अतिथी वक्ता | डीकनेस् चिनु घ्लान | डीकन सुनील मुनिकार | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बु | अतिथी वक्ता |
| **मंसीर १४** November 30 | डीकन एलेन लेप्चा | एल्डर दानियलसापकोटा | डीकन राज गुरूङ्ग | डीकन पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर बी.एन.पण्डित | श्री शुक्रराज घिमिरे | डीकन रोशन खालिङ |
| **मंसीर २१** December 7 | डीकन भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | **संयुक्त सेवा धापासी चर्चमा** |

## विशेष् प्रार्थना

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ पूर्ण समर्पित भएर लागिपर्न सकून्।

२. देशका उच्च ओहोदामा हुनुभएकाहरूले पनि कुनै न कुनै माध्यमद्वारा येशू प्रभुको प्रेमको सुसन्देश सुनेर विश्वास गर्न सकून्।

३. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं।

४. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं।

५. मण्डलीका विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा सुस्तता नआएको होस्।

६. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरको राज्यमा आउन सकून्।

७. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून्।

८. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन्। उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं।

९. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।

## जानकारी



यू.के. बस्नुहुने नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती सरीता राई (गुरूङ्) ५४ वर्षको उमेरमा आश्विन १५ गते/अक्टोबर ६ तारिख बुधबार प्रभुमा सुत्नुभयो।



कपन बस्नुहुने नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती कुल कुमारी राई ७६ वर्षको उमेरमा आश्विन २२ गते/अक्टोबर ९ तारिख बुधबार प्रभुमा सुत्नुभयो।



नयाँ वानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चकी डीकनेस् श्रीमती शान्ति लामा ६१ वर्षको उमेरमा आश्विन २२ गते/अक्टोबर ९ तारिख बुधबार प्रभुमा सुत्नुभयो।

## जानकारी

- आश्विन ११ गते/सेप्टेम्बर २८ तारिख शनिबार नेइम गोंगबूँ चर्चमा १५ जनाले समर्पण गर्नुभयो।
- कार्तिक २ गते/अक्टोबर १९ तारिख शनिबार नेइम ललितपुर चर्चमा ४ जना बालबालिकाहरूको बाल अर्पण भयो।

## नोभेम्बर महिनाको कार्यक्रम

- मंसीर १ गते/नोभेम्बर १७ तारिख आइतबार **नेइम महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा।
- मंसीर १ गते/नोभेम्बर १७ तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** नेइम ज्ञानेश्वर चर्चमा।
- मंसीर २२ गते/डिसेम्बर ८ तारिख आइतबार बिहान १०:०० बजे **नेइम परिषद्को बैठक** नेइम ज्ञानेश्वर चर्चमा।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ — 3<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २४ — 10<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून्।<br>यूहन्ना ८:१२, १७:३ | मंसीर १ — 17<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून्।<br>यशैया ६१:१-३ | ८ — 24<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून्।<br>२ कोरिन्थी २:१४-१५ | १५ — December 1<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून्।<br>१ तिमोथी २:१-६ |
| **सोमबार**<br>Monday | १८ — 4<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून्।<br>१ पत्रुस ५:१-४ | २५ — 11<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं।<br>भजनसंग्रह २३:१-६ | २ — 18<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन्।<br>प्रकाश ३:१५-१६ | ९ — 25<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं।<br>२ कोरिन्थी ९:६-७, ११ | १६ — 2<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून्।<br>रोमी १५:१-३ |
| **मंगलबार**<br>Tuesday | १९ — 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून्।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २६ — 12<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं।<br>१ कोरिन्थी १५:५८ | ३ — 19<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून्।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | १० — 26<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून्।<br>मर्कूस १०:१३-१६ | १७ — 3<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून्।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार**<br>Wednesday | २० — 6<br>घरेलु संगतिका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं।<br>१ थेसलोनिकी १:२-३ | २७ — 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन्।<br>प्रेरित १६:१४-१५, ३१ | ४ — 20<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून्।<br>१ थेसलोनिकी ५:१६-१८ | ११ — 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून्।<br>२ कोरिन्थी ३:२-३, | १८ — 4<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार**<br>Thursday | २१ — 7<br>बाल संगतिका बालबालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २८ — 14<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | ५ — 21<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून्।<br>हिब्रू १२:१-३ | १२ — 28<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून्।<br>हितोपदेश १४:२५-२७ | १९ — 5<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं।<br>यर्मिया ३१:४,११ र १६ |
| **शुक्रबार**<br>Friday | २२ — 8<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर सत्यतामा आराधना गर्न आउन सकौं।<br>यूहन्ना ४:२३-२४ | २९ — 15<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं।<br>भजनसंग्रह ८५:८, ८६:११ | ६ — 22<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस्।<br>हिब्रू ४:१२-१३ | १३ — 29<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं।<br>१ पत्रुस २:१-५ | २० — 6<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून्।<br>याकूब १:१९-२५ |
| **शनिबार**<br>Saturday | २३ — 9<br>मण्डलीका प्रत्येक विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण बन्न सकोस्।<br>रोमी १४:१९ | ३० — 16<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं।<br>भजनसंग्रह १२१:१-८ | ७ — 23<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून्।<br>प्रेरित १६:३१, लूका १:३७ | १४ — 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्।<br>प्रेरित ४:१२-२१ | २१ — 7<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भाग लिन सकून्।<br>हिब्रू १०:२३-२६ |

**सधैं आनन्दित रहो । निरन्तर प्रार्थना गरिरहो । सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो ।**

**१ थेसलोनिकी ५:१६-१८**